कला, ब्रिटिश काउन्सिल

# क्युरेटरहरूको आवश्यकता (Call for Curators)

विश्वका महिला (वाउ) महोत्सव

नेपाल २०२४

३१ जुलाई २०२४

| |
|---|
| **आवेदन दिनुहोस् !**<br><br>आवेदन पेश गर्ने अन्तिम मिति : ८ अगष्ट २०२४ |

| |
|---|
| **वाउ क्युरेटरको आवश्यकताको विज्ञापन सम्बन्धी बेबिनार :** २ अगष्ट २०२४<br>वेबिनार मार्फत् हामीसँग जोडिनुहोस् । वेबिनारमा हामी तपाईंलाई महोत्सवको योजनाका साथै क्युरेटर बन्न आवेदन दिने प्रक्रियाको बारेमा बताउँछौं ।<br><br>उपस्थितिका लागि यहाँ दर्ता गर्नुहोस् । |

विश्वका महिला (वाउ) महोत्सव एउटा कार्यक्रम मात्र होइन, यो एउटा अभियान पनि हो । यस अभियानले महिला, बालिका, किशोरी, नन–बाइनेरी (non-binary) व्यक्तिको आवाजलाई बुलन्द बनाउँछ, उनीहरूको कथालाई पहिचान दिन्छ र परिवर्तन अँगाल्न प्रेरित गर्दछ । वाउ नेपाल महोत्सवको विभिन्न विधाको परिकल्पना, व्यवस्थापन एवं सञ्चालनको कार्य सम्हाल्ने क्युरेटोरियल टोलीमा सामेल भई यो वर्षको वाउ महोत्सव नेपालको भव्य आयोजना गर्ने कार्यमा साथ दिन हामीले अनुरागी तथा सृजनशील व्यक्ति र टोलीहरू खोजिरहेका छौं ।

यस महोत्सवको विभिन्न विधा (strands) अन्तर्गतका कार्यक्रमहरूको स्वरूप डिजाइनका लागि अदभूत परिकल्पना र सोच लिएर आउन हामी तपाईंलाई आमन्त्रित गर्दछौं । हामी सबै मिलेर ज्ञानवर्धक एवं गहन छलफल, आकर्षक प्रस्तुति र सशक्तीकरण गर्ने कार्यशालाहरूलाई समेटिएको एउटा उत्साहजनक गतिशील कार्यक्रम तयार गर्न सक्नेछौं । सो कार्यक्रमले जीवनका सबै क्षेत्रका महिला, बालिका र नन–बाइनेरी व्यक्तिहरूको क्षमता र उत्थानशीलताको उत्सव मनाउनेछ ।

आउनुहोस् हामी सबै मिलेर एउटा यस्तो महोत्सवको स्वरूप निर्धारण गरौं जसले अझ समानतायुक्त संसार निर्माण गर्ने मार्गमा हिँड्न हामी सबैलाई प्रेरित, सशक्त र आशावादी बनाउँछ !

# विषयसूची


| | |
|---|---|
| अवसर | वाउ क्युरेटर बन्ने आवेदन दिन सहयोग गर्ने जानकारी |
| आवेदन पेश गर्न सहयोगी हुने थप जानकारी | महोत्सव, यसका विधा र तिनका लागि चाहिने कुराहरूबारे थप जानकारी |
| आवेदन फाराम | तपाईंले अनलाइन फाराम प्रयोग गरेर वा हाम्रो वेबसाइटमा रहेको अफलाइन फाराम प्रयोग गरेर आवेदन गर्न सक्नुहुन्छ। वा, तपाईंले आवेदनमा सोधिएका प्रश्नहरूको उत्तर दिएको भिडियो पठाएर पनि आवेदन दर्ता गराउन सक्नुहुनेछ। |

# अवसर

## हामी के प्रदान गर्दैछौं ?

वाउ महोत्सवको विभिन्न विधाका आधारमा, हामीले नौवटा क्युरेटोरियल (क्रियाकलापको परिकल्पना, व्यवस्थापन तथा सञ्चालन गर्ने) अनुदान प्रस्ताव गर्दैछौं ।

| क्र.सं. | विधा | विवरण |
|---|---|---|
| १ | Gender Grants exhibition (लैङ्गिक अनुदान प्रापकहरूले गरेका कामको प्रदर्शनी) | वाउ महोत्सवमा ब्रिटिश काउन्सिलको लैङ्गिक अनुदान प्राप्त गर्ने १४ भन्दा बढी व्यक्ति/संस्थाको कामलाई क्युरेट (प्रस्तुतिको परिकल्पना, व्यवस्थापन तथा सञ्चालन) गर्ने र मल्टिमिडिया प्रदर्शनीको आयोजना गर्ने<br>लैङ्गिक अनुदानबारे थप जानकारी यहाँ पाउन सकिन्छ |
| २ | Bites (अनुभव प्रस्तुति) | स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका विभिन्न पृष्ठभूमि भएका कम्तीमा २० जना महिला, बालिका र नन–बाइनेरी व्यक्तिलाई विभिन्न विषयहरूमा व्यक्तिगत कथा भन्ने सत्रहरूमा ल्याउने ।<br>अनुभव प्रस्तुति (बाइट्स) को उदाहरण |
| ३ | Pop-up performances [छोटो मनोरञ्जनात्मक ( सङ्गीत, नृत्य तथा नाट्य) प्रस्तुति] | विभिन्न कलाकारहरूको सङ्गीत, नृत्य, नाटक, वतृत्व, कविता, स्ट्याण्ड अप कमेडी लगायतका विभिन्न प्रस्तुतिको क्युरेट ( परिकल्पना, सञ्चालन तथा व्यवस्थापन) गर्ने । |
| ४ | Talks and Big Ideas (संवाद र ठूल्ठूला सोचहरू) | विविधता भएको सान्दर्भिक समसामयिक लैङ्गिक सवालहरूमा विभिन्न वक्ताहरूबाट प्रस्तुत हुने प्रमुख मन्तव्य र प्यानल छलफलका आयोजना गर्ने ।<br>संवादको उदाहरण/ठूल्ठूला सोचको उदाहरण |
| ५ | Speed mentoring (ससाना परामर्श सत्र) | सहभागीहरूले विज्ञहरूबाट स्थलगत सल्लाह र मार्गदर्शन प्राप्त गर्न सक्ने गरी ससाना लक्षित परामर्श क्रियाकलापको डिजाइन गर्ने । यी सत्रहरूको उद्देश्य सञ्जालीकरण र पेशागत विकासलाई प्रवर्धन गर्नु हो । |
| ६ | Marketplace (बजार) | महिला र नन–बाइनेरी कलाकार, शिल्पकार, उद्यमी, अभियन्ता लगायतका मानिसहरूको उत्पादन र सेवाहरू प्रदर्शन गर्ने स्टल र बुथहरू भएको बजारको परिकल्पना, व्यवस्थापन र सञ्चालन ( क्युरेट) गर्ने । |
| ७ | Film screenings (फिल्म प्रदर्शनी) | महिला, बालिका र नन–बाइनेरी व्यक्तिहरूसँग सम्बन्धित सवाल/समस्यालाई समेटेका वा उनीहरूले निर्माण गरेका फिक्सन फिल्म र वृत्तचित्रहरूको छनोट गरी प्रस्तुत गर्ने व्यवस्था मिलाउने । |

| | | |
|---|---|---|
| ८ | Young feminist corner (योङ फेमिनिष्ट कर्नर) | वाउ कार्यक्रममा उपस्थिति हुने १८ वर्षभन्दा मुनिका बालबालिकाको लागि सिक्न, आफ्ना कुरा भन्न र खेल्नका लागि सृजनशील, रमाइलो र स्रोतसाधनले भरिपूर्ण ठाउँको डिजाइन गरी सञ्चालन गर्ने । |
| ९ | Develop your own strand (आफै अरु कुनै विधाको विकास गर्ने) | माथिका विधा भन्दा भिन्नै तर वाउ महोत्सवको उद्देश्यसँग मिल्दो र सहभागी तथा दर्शकमा विशेष एवम् प्रभावशाली अनुभव सिर्जना गर्ने नयाँ प्रकारको सोच प्रस्ताव र विकास गर्ने । |

## कसले आवेदन गर्ने ?

- महिला, नन–बाइनेरी व्यक्ति र पुरुषहरू सबैका लागि आवेदन खुला रहेको छ ।
- नेपालको जुनसुकै ठाउँमा बसोबास गर्ने व्यक्तिले आवेदन गर्न सक्नुहुनेछ, तरे योजना तर्जुमासम्बन्धी सबै बैठकमा सहभागी (अनलाइन) हुनुपर्नेछ । नोभेम्बर महिनामा सुरु हुने वाउ महोत्सवभन्दा कम्तीमा दुई हप्ता अघिदेखि काठमाडौँमा हुनुपर्नेछ ।
- आवेदन गर्नका लागि १८ वर्ष पूरा भएको हुनुपर्नेछ ।
- तपाईँले व्यक्तिगत, सामूहिक वा संस्थागत रूपमा पनि आवेदन गर्न सक्नुहुनेछ ।

## छनोट प्रक्रिया

ब्रिटिश काउन्सिल र वाउ सल्लाहकार समितिका प्रतिनिधिहरूको समूहले पेश भएका आवेदनको अध्ययन र मूल्याङ्कन गर्नेछन् । छनोटमा पर्न सफल आवेदकहरूलाई सन् २०२४ अगस्ट १२ सम्ममा सूचित गरिनेछ ।

देहायका क्षेत्रहरूको आधारमा आवेदनको मूल्याङ्कन गरिनेछ :

| **क्षेत्र** | **विवरण** | **अंक** |
|---|---|---|
| पोर्टफोलियो र सञ्जाल | क्युरेसन सम्बन्धी पहिले काम गरेको अनुभव, प्रमुख स्थानीय र राष्ट्रिय सम्पर्क र सञ्जाल | १५ |
| सान्दर्भिक अनुभव | कला, संस्कृति, लैङ्गिकता र समावेशिता सम्बन्धी कार्यक्रममा गरेको काम | २० |
| उत्प्रेरणा | वाउ नेपाल क्युरेसन टीमको हिस्सा बन्न चाहेको कारण, यसप्रतिको उत्साह र व्यक्तिगत लक्ष्यहरू | २० |
| सोच तथा सिर्जनशीलता | वाउ नेपालको उद्देश्य र कार्यविधि अनुरूप हुने गरी नवीन तरिकाले कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्नेसम्बन्धी | १५ |

| | | |
|---|---|---|
| | पद्धतिगत अवधारणा र दृष्टिकोण | |
| साझेदारी तथा कोष संकलन | साझेदारी निर्माण, व्यवसाय विकास र सरोकारवाला व्यवस्थापनको सप्रमाण अनुभव र पद्धति | १५ |
| विविधता, समावेशिता र दिगोपन | यी सिद्धान्तहरूको बुझाइ तथा अन्तरसम्बन्ध निर्माण, र तिनलाई काममा एकीकरण गरेको अनुभव | १५ |

## समयसीमा

| क्र.सं. | मिति | क्रियाकलाप/लक्ष्य |
|---|---|---|
| १ | जुलाई ३१ | आवेदनका लागि खुला विज्ञापन खुलाउने |
| २ | अगस्ट २ | वाउ नेपाल २०२४ सम्बन्धी वेबिनार |
| ३ | अगस्ट ८ | आवेदन पेश गरिसक्नुपर्ने अन्तिम मिति |
| ४ | अगस्ट १२ | क्युरेटर चयन भएको निधो दिइने |
| ५ | अगस्ट १४ देखि १६ | • परिचयात्मक बैठक<br>• कार्यक्रम हुने स्थलको भ्रमण<br>• सोच/अवधारणा निर्माण र योजना तर्जुमा<br>• प्रस्ताव र बजेटलाई अन्तिम रूप दिने |
| ६ | अगस्ट १६ | वाउ सरोकारवाला कार्यक्रम – वाउ नेपाल २०२४ को बारेमा बुझाइ हासिल गर्ने |
| ७ | अगस्ट २६ | क्युरेसन गर्नेसम्बन्धी प्रस्ताव पेश गर्ने |
| ८ | अगस्ट २७ | अनुदान सम्झौतामा हस्ताक्षर |
| ९ | अगस्ट २८ | क्युरेसनको सुरुआत |
| १० | अक्टोबर १० देखि १४ | दशैं छुट्टी |
| ११ | अक्टोबर ३१ देखि नोभेम्बर ४ | तिहार छुट्टी |
| १२ | नोभेम्बर २२ देखि २४ | वाउ नेपाल महोत्सव |
| १३ | नोभेम्बर २६ देखि | रिपोर्टिङ |

| | | |
|---|---|---|
| | डिसेम्बर १५ | |

| |
|---|
| तपाईंको कुनै जिज्ञासा भए सन् २०२४ अगस्ट ६ वा सोभन्दा अघि हाम्रो इमेल ठेगाना arts@britishcouncil.org.np मा लेखेर पठाउनुहोस् । |

# महोत्सवको बारेमा जान्नुहोस्

वाउ (WOW) –विश्वका महिला

विश्वका महिला अर्थात् वाउ एउटा विश्वव्यापी अभियान हो। यसले लैङ्गिक समानतामा जोड दिन्छ, संसारभरका महिला, बालिका र नन–बाइनेरी व्यक्तिहरूले हासिल गरेका उपलब्धिहरूको उत्वस मनाउँछ र उनीहरूलाई आफ्नो क्षमता पूरा गर्नबाट रोक्ने अवरोधहरूको अध्ययन गर्दछ। वाउ महोत्सव विश्वभर वर्षभरि नै मनाइन्छ। नेपालमा यो महोत्सव पहिलोपटक सन् २०१७ मा ललितपुरमा मनाइएको थियो। ललितपुरमा भएको पहिलो महोत्सव वाउका संस्थापक जुड केलीले आयोजना गर्नुभएको थियो र यसमा ब्रिटिश काउन्सिलको साझेदारी रहेको थियो। त्यसयता नेपालमा वाउ कार्यक्रम दोस्रोपटक पनि सन् २०१८ मा ललितपुरमा, सन् २०१९ मा जनकपुरमा सन् २०२० र २०२१ मा अनलाइनबाट आयोजना गरिएको थियो। वाउ नेपाल महोत्सवको छैटौं संस्करण मनाउन हामी सन् २०२२ मा लुम्बिनी गयौं। त्यहाँ डेढ भौतिक रूपमा महोत्सव आयोजना भएको थियो। त्यसपछि, अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ८) को अवसर पारेर सुरु गरी १० दिनसम्म डिजिटल अभियान गरिएको थियो।

सन् २०१७ देखि ब्रिटिश काउन्सिल नेपालले बेलायतस्थित वाउ फाउन्डेसनसँग साझेदारी गरी वाउ महोत्सव आयोजना गर्दै आएको छ। यस कार्यक्रमले महिला/बालिका, पुरुष/बालक र नन–बाइनेरी व्यक्तिहरूलाई एक ठाउँमा ल्याएर कला र सांस्कृतिक सहभागिताको माध्यमबाट लैङ्गिक समनताको सम्बन्धमा रहेका आवश्यकता र चुनौतीहरू समीक्षा गर्न लगाउँछ। वाउ महोत्सव अहिलेसम्म नेपालका तीनवटा प्रदेश र तीनवटा सहरका २५ हजारभन्दा बढी मानिससम्म पुगिसकेको छ।

- सन् २०१७ : वाउको पहिलो संस्करण नेपाल प्रशासनिक प्रतिष्ठान (स्टाफ कलेज) ललितपुरमा आयोजित गरिएको थियो।
- सन् २०१८ : दोस्रो संस्करण पाटन इन्जिनियरिङ कलेज, ललितपुरमा आयोजित गरिएको थियो।
- सन् २०१९ : तेस्रो संस्करण जनकपुरको विभिन्न स्थानहरूमा आयोजित गरिएको थियो।
- सन् २०२० : चौथो संस्करण अनलाइन माध्यमबाट आयोजित गरिएको थियो।
- सन् २०२१ : पाँचौं संस्करण पनि अनलाइन माध्यमबाट आयोजित गरिएको थियो।
- सन् २०२२ : छैटौं संस्करण लुम्बिनीको लुम्बिनी पार्कमा आयोजित गरिएको थियो।
- सन् २०२४ : सातौं संस्करण काठमाडौंमा (नोभेम्बर २२ देखि २४ सम्म) आयोजना गरिनेछ।

वाउ नेपाल २०२४ वाउ फाउण्डेसनसँगको साझेदारीमा ब्रिटिश काउन्सिलले आयोजना गर्दछ।

यो महोत्सवलाई काठमाडौं महानगरपालिका समर्थन र सहयोग रहनेछ।

## वाउ महोत्सवका उद्देश्यहरू के के रहेका छन् ?

क्युरेसन अनुदानहरू दिनुको प्रयोजन वाउ नेपाल २०२४ का लागि देहायका कुरालाई समेट्ने गरी मूल क्रियाकलापहरूको विकास र प्रवाहमा सहयोग गर्नु हो :

- महिला, बालिका र नन–बाइनेरी व्यक्तिले सामना गर्ने चुनौतीहरूको बारेमा उनीहरूको कथाहरू प्रस्तुत गरेर सचेतना बढाउने ।
- लैङ्गिकता केन्द्रित विकासका परिणामहरूलाई सांस्कृतिक र सिर्जनशील माध्यमबाट प्रवाह गर्न सक्ने गरी सहभागीहरूलाई सीप, क्षमता र सञ्जालबाट सुसज्जित बनाउने ।
- लैङ्गिक समानताको क्षेत्रमा कार्य गरिरहेका व्यक्ति र संस्थाहरूबीचको सम्बन्धहरूलाई बढावा दिने र सुदृढ बनाउने ।
- महिला, बालिका र नन–बाइनेरी व्यक्तिका आवाज र कार्यशक्तिलाई समर्थन गरी सामाजिक निर्णयको प्रक्रिया र सार्वजनिक जीवनमा उनीहरू सहभागी हुन र त्यसबाट लाभ लिनसक्ने बनाउने ।

## वाउ नेपाल २०२४ कसका लागि हो ?

यो महोत्सव सबै लिङ्ग, उमेर, जाति, विश्वास र पृष्ठभूमि भएका सबै व्यक्तिहरूका लागि हो । हामी विभिन्न प्रकारका दर्शकलाई आकर्षित गर्न चाहन्छौँ । हाम्रा दर्शकमा विद्यार्थी, पेशाकर्मी, विज्ञ, अभियन्ता, नीति निर्माता, कलाकार र महिलाका सवाल तथा सशक्तीकरणमा रुचि राख्ने सर्वसाधारण सबै रहनेछन् ।

## वाउ नेपाल २०२४ का लागि प्राथमिकतामा राखिएका कुनै विषय छन् ?

महोत्सवको प्रमुख विषय लैङ्गिकता हुनेछ । तल केही उपविषय र शीर्षक दिइएका छन् । यी विषय र शीर्षकलाई यस महोत्सवका माध्यमबाट अन्वेषण र अध्ययन गर्न हामी हाम्रा क्युरेटर र कलाकारहरूलाई प्रोत्साहन गर्दछौँ :

- महिला, बालिका र नन–बाइनेरी व्यक्तिका अधिकारहरू
- नेपालको परिवेश र सन्दर्भमा लैङ्गिकताले विभिन्न पक्षसँग कसरी अन्तरक्रिया गर्दछ भन्ने कुराहरू
- लैङ्गिक हिंसाविरुद्धको लडाइँ
- काम र जीवन
- इन्द्रिय सुख, यौन र यौनिकता
- स्वास्थ्य तथा तन्दुरुस्ती
- जलवायु परिवर्तन र दिगोपना
- सिर्जनात्मक अभिव्यक्ति र कथाको प्रस्तुति
- सञ्जाल र सहयोगी निर्माण

- अभियान र पैरवी
- समुदायसँगको कार्य
- पहिचान र मौलिकता
- विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला तथा गणित

# आवेदनका सम्बन्धमा थप जानकारी

## हामी कसरी काम गर्छौं ?

**आनन्द, खेल र चुनौतीहरू**

विश्वभर आयोजित हुने वाउ महोत्सवहरू आनन्दमय, चुनैतीपूर्ण र आश्चर्यजनक हुन्छन् । हामी आनन्दमय, रमाइलो, जीवन्त र विचार जगाउने खालको महोत्सवको कल्पना गरी त्यसलाई साकार बनाउन सक्ने क्युरेटरहरूसँग काम गर्न पाउने आशा गर्दछौं ।

**मिलेर काम गर्ने**

प्रत्येक विधाका क्युरेटरहरूको कर्तव्य आफ्नो जिम्मामा रहेका कामहरूको योजना बनाएर कार्यान्वयन गर्नु हो । तथापि, महोत्सवको सुरुआतदेखि समापनसम्म सबै क्युरेटरहरूले एकआपसमा र अन्य विभिन्न साझेदारहरूसँग सहकार्य गरिरहेका हुनेछन् ।

**महोत्सवको डिजाइन**

क्युरेटरहरूले ब्रिटिश काउन्सिल, वाउ सल्लाहकार समिति र समुदायका सदस्यहरूसँग मिलेर महोत्सवको डिजाइन र योजना बनाउनेछन् । यो कार्य अनलाइन, प्रत्यक्ष भेटघाट, सम्बन्धित महोत्सव स्थलको भ्रमण, अन्तरक्रिया कार्यक्रम र कार्यशालाहरूको माध्यमबाट गरिनेछ ।

**उत्पादन तथा बन्दोबस्ती व्यवस्थापन**

ब्रिटिश काउन्सिलले क्युरेटरहरूलाई आफ्नो ठाउँको निर्माण, बन्दोस्तीको व्यवस्थापन र प्रोडक्सनका काममा सहयोग गर्न इभेन्ट म्यानेजमेन्ट टीम र प्रोडक्सन टीमको व्यवस्था गर्नेछ । क्युरेटरहरूले आफ्ना परियोजना पूरा गर्न इभेन्ट म्यानेजमेन्ट र प्रोडक्सन टीमसँग समन्वय गर्नुपर्ने हुन्छ । क्युरेटरहरूले कलाकार, सहजकर्ता र आफ्नो परियोजना अन्तर्गतका अन्य वक्ताहरूसँग समन्वय गर्नेछन् र उनीहरूको सहभागिताका लागि आवश्यक बन्दोबस्तीको व्यवस्था गर्नेछन् ।

**अनुगमन तथा मूल्याङ्कन**

क्युरेटरहरूले वाउ महोत्सवको अनुगमन, मूल्याङ्कन तथा सिकाइ योजनालाई सहयोग गर्नुपर्ने हुन्छ । यो योजना विज्ञहरूले तयार गरी कार्यान्वयन गरेका हुन्छन् । क्युरेटरहरूले कार्य समीक्षा बैठकमा सहभागी भएर र/वा पृष्ठपोषण फाराम भरेर सहयोग गर्न सक्नेछन् ।

**समयतालिका र समयसीमा**

महोत्सवमा हुने सबै क्रियाकलापबीच प्रभावकारी एवं समग्र समन्वयका लागि समयसीमासहितको समयतालिकामा सहमति गरिनेछ । क्युरेटरहरूले आआफ्नो विस्तृत समयरेखाको योजना बनाएर समयसीमाभित्र काम पूरा हुने गरी व्यवस्थापन गर्नुपर्ने हुन्छ र आआफ्नो परियोजना समयमै पूरा भएको सुनिश्चित गर्नुपर्छ ।

**सञ्चार तथा प्रतिवेदन**

आयोजक टीमसँग नियमित सञ्चार गर्नु जरुरी हुन्छ । क्युरेटरहरू साप्ताहिक रूपमा अनलाइनमा हुने अपडेट बैठकमा सहभागी हुनुपर्नेछ र आवश्यकताअनुसार ब्रिटिश काउन्सिलको टीम र इभेन्ट म्यानेजमेन्ट टीमसँग समन्वय गरिरहनुपर्छ । क्युरेटरहरूले ब्रिटिश काउन्सिलले उपलब्ध गराएको परियोजना व्यवस्थापनसम्बन्धी कागजात/फाराम (शीट) भर्नुपर्छ । यसले सबैलाई भइरहेका गतिविधिबारे जानकारी हुनेछ र सबैलाई कार्य

| |
|---|
| प्रगति के भइरहेको छ भन्ने थाहा हुन्छ । |
| **स्वास्थ्य तथा सुरक्षा**<br>क्युरेटरहरूमा आफ्नो परियोजनामा सहभागी सबै व्यक्तिका लागि सुरक्षित र समावेशी ठाउँ सिर्जना गर्नुपर्ने जिम्मेवारी रहन्छ । क्युरेटरहरूले तनाव र थकान नहोस् भन्नका लागि पर्याप्त विश्राम गर्ने गरी समयतालिकाको व्यवस्थापन गर्नुपर्छ । आयोजक टीमले सबै सहभागी र उपस्थित व्यक्तिका लागि सुरक्षित र स्वस्थ वातावरण रहेको सुनिश्चित गर्न निर्देशिका र सहयोग उपलब्ध गराउनेछ । |

## यो वर्षको वाउ महोत्सव कुन ठाउँमा हुँदैछ ?

यो वर्ष वाउ महोत्सव काठमाडौं फर्केर आउँदैछ !

महोत्सव कार्यक्रम हुने स्थलबारे हामी छिटै घोषणा गर्नेछौं । सबै क्युरेटरहरू एकसाथ उक्त कार्यक्रम स्थलको भ्रमण गर्नेछन् र हामी सो स्थललाई ध्यानमा राखी आफ्ना क्रियाकलापहरू डिजाइन गर्नेछौं । धेरैजसो कार्यक्रम खुला ठाउँमा आयोजित हुनेछ भने केही थोरै क्रियाकलाप र कार्यशाला बन्द कोठामा आयोजना गरिनेछ ।

## वाउ महोत्सवका विधा र अन्य आवश्यक कुराबारे थप जानकारी

यस खण्डमा, हामीले प्रत्येक विधाका बारेमा थप जानकारी राखेका छौं । यसमा विगतका संस्करणमा भएका कामका केही उदाहरण छन्, अनि क्युरेटरको सम्भावित भूमिकाबारे केही मार्गदर्शन छन् र विधाका लागि चाहिने केही बन्दोबस्तीको विवरण पनि छन् । तपाईंले आफूसँग सान्दर्भिक हुने खण्ड पढ्नुहोस् र कुनै जिज्ञासा भए त्यसलाई हाम्रो इमेल arts@britishcouncil.org.np मार्फत् सन् २०२४ अगस्ट ६ भन्दा पहिले नै पठाउनुहोस् ।

छनोट भएका क्युरेटरहरूले ब्रिटिश काउन्सिलसँग मिलेर काम गर्नुपर्नेछ र वाउ क्युरेटर कामका लागि अनुदान प्राप्त गर्नुअघि आफ्नो क्रियाकलापसम्बन्धी एउटा प्रस्ताव तयार गर्नुपर्नेछ ।

### लैङ्गिकतासम्बन्धी अनुदान प्रापकका कार्यहरूको प्रदर्शनी

सन् २०२३ मा, ब्रिटिश काउन्सिलले लैङ्गिकताको विषयमा लक्षित कला परियोजनाहरू सञ्चालन गर्न विभिन्न १४ संस्था र व्यक्तिलाई लैङ्गिकता अनुदान प्रदान गरेको थियो । कलासम्बन्धी यी परियोजनामा वृत्तचित्र निर्माण, नाटक मञ्चन, सङ्गीत, पोडकास्ट र अन्य थिए । यी १४ परियोजनामध्ये आठवटा पूरा भइसकेका छन्, र ६ वटा अझै चलिरहेका छन् । चालू रहेका परियोजनामध्ये केहीले अक्टोबर अन्त्यसम्म सम्पन्न गर्ने लक्ष्य राखेका छन्, जुन वाउको समयभन्दा केही समय अघि मात्र हुनेछ । यो विधा हेर्ने क्युरेटरले बहुसञ्चार (multimedia) माध्यमबाट, मुख्यतया फोटो र भिडियो प्रदर्शनीको तयारी गर्नुपर्नेछ

तल लैङ्गिकतासम्बन्धी अनुदान पाएका सबै परियोजनाका बारेमा छोटो जानकारी छ । केही परियोजना अनलाइनमा उपलब्ध नभएपनि प्रत्येक अनुदान प्रापकले आफ्नो कार्यलाई दस्तावेजीकरण गरेका छन् र त्यसका विषयवस्तु प्रदर्शनीका लागि उपलब्ध हुनेछन् ।

| क्र.सं. | परियोजनाको नाम र छोटो विवरण | परियोजनाको स्थिति |
|---|---|---|
| १ | हिलिङ्ग द मदर्स हार्ट: हिलिङ्ग मदर्स हार्टले नेपाली समाजमा सुत्केरी अवस्थामा हुँदाको मानसिक स्वास्थ्यसँग सम्बन्धित चुनौतीलाई शब्द र चित्रमार्फत प्रस्तुत गरी सचेतना अभिवृद्धि गर्दछ । | चालू |
| २ | **डेमजाङ्ग** : डेमजाङ्गले शेर्पा समुदायमा हुने विशेष प्रकारको महिलामूली, महिलाको निर्णयले चल्ने विवाह प्रणालीलाई सङ्गीत र फिल्मको माध्यमबाट प्रस्तुत गर्दछ । | चालू |
| ३ | गड इज अ वुमन: यो नेपालको पहिलो महिला हिपहप प्लेटफर्म हो । यसमा झापा, हंगकंग, काठमाडौँ र लण्डनदेखिका कलाकारले हिपहप प्रस्तुति गरेका छन् । यस कार्यक्रमअन्तर्गत सङ्गीत क्षेत्रमा लाग्न चाहने महिला कलाकारलाई सशक्तीकरण गर्ने कार्यशाला पनि भएको थियो। | पूरा |
| ४ | बाँकी सपना: बाँकी सपना ग्रामीण नेपालमा अन्तरजातीय सम्बन्धमा बाँधिएका दलित महिलाहरूको संघर्ष देखाउने नाटक हो । | पूरा |
| ५ | सडक सत्ता र सिद्धान्त: सडक सत्ता र सिद्धान्त नेपालको राष्ट्र निर्माणको इतिहासलाई पुनर्कथन गर्दछ, यसले राजनीतिक आन्दोलनमा महिलाहरूको कथा समेत समेटेको छ । | चालू |
| ६ | **शृङ्गारका कथाहरू पोडकास्ट** : यो पोडकास्टले नेपालका आदिवासी समुदायको आमाछोरीबीचको गहिरो बन्धनलाई देखाउने सौन्दर्यका प्रतीकहरूको बारेमा बताउँछ । यसले यी अर्थपूर्ण अभ्याससँग सम्बन्धित परम्परागत सांस्कृतिक ज्ञानलाई कथाका माध्यमबाट प्रस्तुत गरेको छ । | चालू |
| ७ | **हियर मी सिङ** : हियर मी सिङले विभिन्न भौगोलिक क्षेत्रका नेपाली सङ्गीतमा रहेका महिलाका कथाहरूलाई अडियो र भ्वाइस रेकर्डिङमा उतार्छ । | चालू |
| ८ | एम्पावरिङ भ्वाइसेज: यो लैङ्गिक समानता र अपाङ्गतासम्बन्धी सचेतनालाई प्रस्तुत गर्ने म्युजिक भिडियो हो । | पूरा |
| ९ | ब्रेकिङ वाउन्डरिज थ्रु डान्स: यसले नृत्य र नाटकमार्फत कैलाली जिल्लामा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक (LGBTIQA+) का अधिकारबारे सचेतना जगाउने काम गरेको छ । | पूरा |
| १० | **नवविवाहित युवतीहरूको सशक्तीकरण :** यस परियोजनाअन्तर्गत बाँके जिल्लामा सीमान्तकृत समुदायका नवविवाहित युवतीहरूलाई सशक्तीकरण गर्न नाटक, कार्यशाला र चित्रकलाको प्रयोग गरिएको छ । | पूरा |
| ११ | स्वस्थ सम्बन्धहरू : यस परियोजनाले कार्यशाला र विद्यालय भ्रमण मार्फत् किशोरकिशोरीमाझ स्वस्थ सम्बन्धहरूको प्रवर्द्धन गर्दछ । | पूरा |
| १२ | लैङ्गिक अनुदानको अभिलेखीकरण : यस परियोजनामा दुई महिला फिल्मकर्मीले लैङ्गिक अनुदान पाएका १० वटा परियोजनाहरूका बारेमा जनवरीदेखि अभिलेखन गरेका छन्, जसमार्फत यी शक्तिशाली कथाहरू | चालू |

| | | |
|---|---|---|
| | प्रस्तुत गरिन्छ । | |
| १३ | भूमि : यो परियोजनामा महिलाहरूको लोक साङ्गीतिक समूहले जनकपुरधाममा त्यहाँको संस्कृति, कला, सङ्गीत र युवाको उत्सव मनाउने एउटा महोत्सवमा गरेको प्रस्तुति रहेको छ । | पूरा |
| १४ | अन्तर्राष्ट्रिय रेडियो तथा टेलिभिजन महिला सङ्घ (IAWRT) : IAWRT ले फिल्म महोत्सव, प्रतियोगिता र कार्यशालाका माध्यमबाट महिला फिल्मकर्मी र मिडियामा रहेका महिलालाई सहयोग गर्छ । | पूरा |

यस अन्तर्गत हुने क्रियाकलाप :

- उपलब्ध विषयवस्तु : यस प्रदर्शनी विधाका लागि चाहिने सामग्री पहिल्यै तयार छ । क्युरेटरले उपलब्ध विषय सामग्रीको उपयोग गरी त्यसको आधारमा प्रदर्शनी तयार पार्नुपर्ने हुन्छ ।
- प्रदर्शनी र प्रस्तुति : यी परियोजनाहरूको परिणाम र प्रभावलाई प्रदर्शनी, अन्तरक्रियात्मक र डिजिटल प्रस्तुतिको माध्यमबाट देखाइन्छ ।

क्युरेटरको भूमिका :

- प्रदर्शनीको परिकल्पना : प्रदर्शनीको लागि स्पष्ट सोच/आइडिया र अवधारणागत ढाँचा विकास गर्ने, जसले विभिन्न परियोजनालाई एउटा एकीकृत कथामा ल्याएर जोड्दछ ।
- समन्वय : परियोजनाका प्रतिनिधिहरूसँग सञ्चार र समन्वय गरी सामग्रीहरू भेला गर्ने र प्रोडक्सन टीमसँग मिलेर त्यसलाई प्रदर्शनीमा राख्ने ।

प्रोडक्सनका लागि चाहिने कुराहरू :

- क्युरेटरले प्रदर्शनी डिजाइन योजना तयार गरी इभेन्ट म्यानेजमेन्ट टीमसँग सञ्चार गर्नुपर्छ । यस योजनामा लेआउट, प्रदर्शनी तरिका, प्रस्तुति विधि र बहुसञ्चारका माध्यमसम्बन्धी चाहिने कुराहरू हुनुपर्छ ।
- क्युरेटरहरू आफैले डिजाइन गर्न सक्ने सीप वा कला छैन भने कुनै एउटा डिजाइनरसँग सहकार्य गर्न सक्नेछन् ।

---

## Bites (अनुभवको प्रस्तुति)

अनुभवसम्बन्धी बाइट्सहरू छोटो (सामान्यतया १० देखि १५ मिनेटको) हुन्छन् । यसमा आकर्षक प्रस्तुति वा कुराकानी हुन्छ । यसले महिला, बालिका र नन–बाइनेरी व्यक्तिसँग सम्बन्धित विभिन्न शीर्षकलाई समेटेका हुन्छन् । यी सत्रहरू प्रभावशाली र विचार जगाउने खालको हुने गरी डिजाइन गरिएका हुनेछन् र महत्वपूर्ण सवालहरूमा छिटोमिठो जानकारी वा बुझाइ प्रदान गर्नेछन् ।

[पहिलाको बाइट्स सत्रको भिडियो यहाँ हेर्नुहोस्]

यस अन्तर्गत हुने क्रियाकलाप :

- छोटो संवाद : महिला, बालिका र नन–बाइनेरी व्यक्तिसँग सम्बन्धित विभिन्न शीर्षकमा आकर्षक र छोटा प्रस्तुति वा संवाद ।
- अन्तरक्रियात्मक सत्र : प्रश्नोत्तर सत्र वा अन्तरक्रियात्मक छलफलको माध्यमबाट दर्शक सहभागी हुने पाउने अवसर ।

क्युरेटरको भूमिका :

- विषयवस्तुको क्युरेसन : छोटो र प्रभावशाली कथा भन्न सक्ने वक्ता पहिचान गरी नियुक्त गर्ने । छनोट गरिएका वक्तासँग उनीहरूको प्रस्तुतिलाई परिष्कृत र तयारी अवस्थामा राख्ने ।
- प्रस्तुतिक्रम मिलाउने : दर्शकहरूको सहभागितालाई निरन्तरता दिन अनुभव प्रस्तुतिहरूको समय र क्रम मिलाउनुहोस् ।
- दर्शकहरूको सहभागिता : दर्शकका लागि सत्रहरू अन्तरक्रियात्मक र आकर्षक रहेको सुनिश्चित गर्ने ।
- कार्यशाला : वक्ताहरूका लागि कथा प्रस्तुतिको बारेमा कार्यशाला आयोजना गर्ने ।

प्रोडक्सनसम्बन्धी आवश्यकताहरू :

- क्युरेटरहरूले सत्रहरूका लागि चाहिने विस्तृत समय तालिका, लेआउट र बन्दोबस्ती व्यवस्थापनको सूची तयार गर्नुपर्छ ।
- बस्ने ठाउँ, श्रव्यदृश्य (अडियो भिजुअल) उपकरण र कुनै प्रकारको अन्तक्रियात्मक पक्षहरूको आवश्यकतालाई समावेश गर्ने ।
- आवश्यकताअनुसार टेक्निसियन वा इभेन्ट योजनाकारको सहयोग उपलब्ध हुनेछ ।

---

## Pop-up performances (छोटा मनोरञ्जनात्मक (सङ्गीत, नृत्य तथा नाट्य) प्रस्तुति)

यी छोटो मनोरञ्जनात्मक प्रस्तुति जीवन्त र उत्साहजनक हुन्छन् । यसलाई सम्पूर्ण महोत्सव स्थलमा, मुख्य स्टेज, साना स्टेज र छोटो (पप–अप्स) प्रस्तुतिमा छुट्याइएको हुन्छ । विभिन्न प्रकारका कलाहरूको प्रस्तुति हुन्छ र तिनले दर्शकहरूलाई क्रियाशील रूपमा बाँधेर राखेको हुन्छ ।

[पहिलेको पपअप प्रस्तुतिहरूको सारसंक्षेप भिडियो यहाँ हेर्नुहोस् ।]

यस अन्तर्गत हुने क्रियाकलाप :

- समयबद्ध प्रस्तुति : प्रस्तुतिहरूको समय निर्धारण गरिएको हुन्छ, तर तिनलाई मुख्य स्टेज र साना स्टेजहरूमा विभाजन गरिएको हुन्छ । क्युरेटरको सोच/आइडिया, परिकल्पना अनुसार केही कलाकारहरूले महोत्सव स्थलभित्रका विभिन्न स्थानमा गएर गीत सङ्गीत र नाटक प्रस्तुत गरेर मनोरञ्जन गराउने खालका प्रस्तुति पनि दिन सक्छन् । प्रस्तुतिमा सङ्गीत, नृत्य, नाटक, स्ट्याण्डअप कमेडी, कविता वाचन र अन्य कलात्मक अभिव्यक्तिहरू हुन सक्छन् ।
- दर्शकसँगको अन्तरक्रिया : दर्शकहरूको सहभागिता र संलग्नतालाई प्रोत्साहित गर्ने प्रस्तुतिहरू ।

### क्युरेटरको भूमिका :

- कलाकारको छनोट : दर्शकहरू आकर्षित गर्न पपअप प्रस्तुति दिन सक्ने विभिन्न खालका कलाकारहरू पहिचान गरी नियुक्त गर्ने ।
- समय निर्धारण : आयोजक टोली र अन्य क्युरेटरहरूसँग समन्वय गरी प्रस्तुतिहरूको समय मिलाउने । यसले कार्यक्रम सहज र सही समयमै हुने सुनिश्चित गर्न सहयोग गर्छ ।
- दर्शकको सहभागिता : सत्र अन्तरक्रियात्मक र दर्शकहरूलाई आकर्षित गराउने खालको रहने सुनिश्चित गर्ने ।

### प्रोडक्सनसम्बन्धी आवश्यकताहरू :

- क्युरेटरहरूले प्राविधिक विवरणहरू भएको योजना बनाउनुपर्छ । यसमा स्टेजको सेटअप, साउन्ड र लाइटिङको व्यवस्था मिलाउनुपर्ने कुरा समेत हुनुपर्छ । यस योजनाले प्रस्तुतिको समय तालिका, स्थान र कलाकारका लागि चहिने अन्य कुनै विशेष कुराहरू छ भने त्यो पनि समेटेर राखेको हुनुपर्छ ।

---

## Talks and Big Ideas (संवाद र ठूल्ठूला सोचहरू)

यस विधामा विभिन्न विषय क्षेत्रका प्रेरक व्यक्तिहरूको प्रमुख मन्तव्य र समूहगत छलफल रहनेछ । यी मनतव्य र छलफलले विभिन्न महत्वपूर्ण सवाल र धारणाहरूलाई सम्बोधन गर्नेछ । यी सत्रहरूको उद्देश्य अर्थपूर्ण कुराकानी सुरु गर्नु र परिवर्तनलाई प्रेरित गर्नु हुनेछ ।

[यसभन्दा पहिलेका संवादको भिडियो यहाँ र ठूल्ठूला सोचको भिडियो यहाँ हेर्नुहोस् ।]

### यस अन्तर्गत हुने क्रियाकलाप :

- प्रमुख मन्तव्य : विभिन्न विषय क्षेत्रका व्यक्तिहरूले महत्वपूर्ण मुद्दा र धारणालाई सम्बोधन गर्दै प्रेरक मनतव्यहरू दिने ।
- प्यानल छलफल : विभिन्न विज्ञ र विचारकहरू सामेल गरी महत्वपूर्ण र गम्भीर विषयमा चर्चा हुने सहजीकृत छलफलहरू ।
- ठूल्ठूला सोच : वक्ताहरूले अझ बढी समानताको संसार निर्माण गर्न प्रेरित गर्ने आफ्नो ठूल्ठूला सोचहरू प्रस्तुत गर्नेछन् ।

### क्युरेटरको भूमिका :

- वक्ता चयन : विविध पृष्ठभूमि भएका वक्ता र प्यानलमा रहने सदस्यहरू पहिचान गरी आमन्त्रण गर्ने ।
- छलफल गरिने वा बोलिने विषय वस्तुको विकास : सान्दर्भिक र प्रेरक विषयवस्तु र शीर्षक विकास गर्ने ।
- समन्वय : संवादहरू सहज रूपमा अघि बढोस् र दर्शकहरूसँग प्रभावकारी अन्तरक्रिया होस् भन्नेका लागि संवादको समयमा चाहिने बन्दोबस्ती व्यवस्थापनका लागि समन्वय गर्ने ।

प्रोडक्सनसम्बन्धी आवश्यकताहरू :

- क्युरेटरहरूले संवाद र प्यानल छलफलका लागि गरिने र चाहिने कुराहरू समेटिएको विस्तृत योजना दिनुपर्नेछ । यसमा बस्ने ठाउँ, श्रव्यदृश्य उपकरण र स्टेज सेटअपका कुराहरू समेत सामेल हुनुपर्छ ।

---

## Speed mentoring (ससाना परामर्श सत्र)

छोटो परामर्श सत्रहरूमा छोटो एवम् लक्षित परामर्श हुनेछन् । यसमा सहभागीहरूले विज्ञ परामर्शकर्ताबाट सल्लाह र मार्गदर्शन पाउँछन् । यी सत्रहरूको उद्देश्य सञ्जालीकरण र पेशागत विकासलाई बढावा दिनु हो ।

[पहिलेका मार्गनिर्देशन सत्रहरूको सारांश भिडियो यहाँ हेर्नुहोस् ।]

यस अन्तर्गत हुने क्रियाकलाप :

- भेटघाट सत्र : छोटो एवम् लक्षित परामर्श सत्रहरू । यसमा सहभागीहरूले सल्लाह र मार्गदर्शन प्राप्त गर्न सक्ने ।
- विज्ञ परामर्शकर्ता : विभिन्न विषय क्षेत्रका परामर्शकर्ताहरूले समूहमा रहेर आआफ्नो क्षेत्रको विज्ञतामा रहेर सल्लाह र मार्गदर्शन प्रदान गर्ने ।
- सञ्जालीकरण : यसले परामर्श चाहने व्यक्तिलाई परामर्शकर्ता र अन्य सहभागीहरूसँग जोडिने अवसर प्रदान गर्दछ ।

क्युरेटरको भूमिका :

- परामर्शकर्ता छनोट गर्ने : अनुभवी र ज्ञानी परामर्शकर्ता पहिचान गरी नियुक्त गर्ने ।
- सत्रको समन्वय : परामर्श सत्रहरूको आयोजना गर्ने र समय तालिका बनाउने ।
- सहभागीहरूको अन्तरक्रिया : परामर्श खोज्ने व्यक्तिले उपयुक्त परामर्शदाता पाएको सुनिश्चित गर्ने र फलदायी अन्तरक्रियालाई सहजीकरण गर्ने ।

प्रोडक्सनसम्बन्धी आवश्यकताहरू :

- क्युरेटरहरूले परामर्श सत्रहरूका लागि समयतालिका र लेआउट तयार गर्नुपर्नेछ । यसमा बस्ने ठाउँ, व्यक्तिगत स्थान र अन्य चाहिने सामग्रीहरूको आवश्यकता सामेल गर्नुहोस् ।

---

## Marketplace (बजार)

बजार महिला र नन–बाइनेरी कलाकार, शिल्पकार र उद्यमीहरूले उत्पादन र सेवाहरू प्रदर्शन गर्ने र बिक्री गर्ने एउटा उत्साहजनक र जीवन्त ठाउँ हो । यसले सञ्जालीकरणका अवसरहरू पनि प्रदान गर्दछ, सचेतना बढाउँछ र आर्थिक सशक्तीकरणलाई प्रवर्धन गर्दछ ।

[अघिल्लो बजारको एल्बम यहाँ हेर्नुहोस् ।]

यस अन्तर्गत हुने क्रियाकलाप :

- स्टल र बुथ : बिक्रेताका लागि महिला र नन–बाइनेरी कलाकार, शिल्पकार, उद्यमी, अभियन्ता आदिले तयार गरेका उत्पादन र सेवाहरू बिक्री गर्ने ठाउँ ।
- सञ्जालीकरण : उद्यमीहरूका लागि सम्भावित ग्राहक, साझेदार र लगानीकर्तासँग जोडिने अवसरहरू ।

क्युरेटरको भूमिका :

- बिक्रेताको छनोट : महोत्सवको मूल्य/मापदण्डअनुरूप विभिन्न बिक्रेता र सहभागीहरूलाई क्युरेट गरेर तयार गर्ने ।
- लेआउटको योजना बनाउने : बढीभन्दा बढी अवलोकनकर्ता र क्रेताहरू आउजाउ गर्न मिल्ने गरी बजारको लेआउट र साजसज्जा मिलाउने ।
- बन्दोबस्ती सहयोग : इभेन्ट म्यानेजमेन्ट टीमसँग समन्वय गरी बिक्रेताहरूका लागि बन्दोबस्ती सामग्री र मार्गदर्शन प्रदान गर्ने ।

प्रोडक्सनसम्बन्धी आवश्यकताहरू :

- क्युरेटरहरूले इभेन्ट म्यानेजमेन्ट टोलीसँग मिलेर बजारको लेआउट डिजाइन गर्ने । यसमा बजारको प्रबन्ध र अन्य आवश्यक सुविधाहरू समावेश हुनुपर्छ । टेबल, प्रदर्शनी गर्ने ठाउँ र अन्य बन्दोबस्ती आवश्यकताहरू समावेश गर्नुहोस् ।

---

## Film screening (फिल्म प्रदर्शनी)

फिल्म प्रदर्शनी विधामा महिला, बालिका र नन–बाइनेरी व्यक्तिहरूसँग सम्बन्धित प्रमुख सवालहरूको बारेमा चर्चा र सम्बोधन गर्ने सान्दर्भिक, प्रेरणादायी र विचारोत्तेजक फिल्महरू प्रस्तुत हुनेछ । यी प्रदर्शनीहरूको उद्देश्य दर्शकहरूलाई सम्बन्धित विषयवस्तुमा शिक्षित, प्रेरित गरी ती सवालमा कुराकानीलाई बढावा दिनु हो ।

यस अन्तर्गत हुने क्रियाकलाप :

- फिल्म : महोत्सवको विषयवस्तु र लक्ष्यअनुरूप उपयुक्त फिल्महरूको चयन ।

क्युरेटरको भूमिका :

- फिल्मको छनोट : सान्दर्भिक, प्रेरणादायी र गम्भीर भएर सोचविचार गर्न लगाउने खालका फिल्महरू संग्रह गरेर तयारी अवस्थामा राख्ने ।
- बन्दोबस्ती व्यवस्थापन : प्रदर्शनीको लागि सहमति लिने, फिल्म निर्मातासँग समन्वय गर्ने र फिल्म हेर्न आउने सहभागीका लागि निमन्त्रणा पठाउने व्यवस्था गर्ने ।

### प्रोडक्सनसम्बन्धी आवश्यकताहरू :

- क्युरेटरहरूले फिल्म प्रदर्शनीका लागि योजना बनाउनुपर्नेछ । योजनामा फिल्म देखाउने समय, सो ठाउँको सेटअप र फिल्म देखाउने पर्दा र साउण्डसम्बन्धी प्राविधिक आवश्यकताका कुरालाई समावेश गर्नुपर्छ ।

---

## Young feminist corner (योङ फेमिनिष्ट कर्नर)

योङ फेमिनिष्ट कर्नर १८ वर्षभन्दा मुनिका सहभागीहरूका लागि सिक्ने, आफ्ना कुरा व्यक्त गर्ने र खेल्ने एउटा सिर्जनशील र स्रोतले परिपूर्ण ठाउँ हो । यो विधाले लैङ्गिक समानता, महिला समानताको अधिकार र सशक्तीकरणमा केन्द्रित रहने क्रियाकलाप र कार्यशाला प्रस्तुत गर्दछ ।

### यस अन्तर्गत हुने क्रियाकलाप :

- सिर्जनशील क्रियाकलाप : अन्तरक्रियात्मक कला, शिल्प, DIY परियोजना, खेल, छलफल र अन्य सिर्जनात्मक क्रियाकलापहरू प्रस्तुत गरिन्छ र त्यसबाट सहभागीहरूले सिक्न र आफूलाई अभिव्यक्त गर्न सक्नेछन् ।
- कार्यशाला : १८ वर्षभन्दा मुनिका बालबालिकाको आवश्यकताअनुसार हुने गरी लैङ्गिक समानता, महिला समानताका अधिकार र सशक्तीकरणमा कार्यशाला सञ्चालन गर्ने ।

### क्युरेटरको भूमिका :

- कार्यक्रमको विकास : बाल सहभागीहरूका लागि विभिन्न आकर्षक कार्यक्रम क्रियाकलाप, कार्यशाला र सत्रहरूको डिजाइन गर्ने ।
- सहजकर्तासँग समन्वय : सिर्जनशील र शैक्षिक क्रियाकलापहरूलाई अघि बढाउन सक्ने सहजकर्ताहरू पहिचान गरी भर्ना गर्ने र समन्वय गर्ने ।
- स्रोतको व्यवस्थापन : कर्नरका लागि आवश्यक पर्ने सामग्रीहरू उपलब्ध रहेको र त्यसलाई राम्रोसँग व्यवस्थित राखिएको सुनिश्चित गर्ने ।
- युवा सहभागिता : युवा सहभागीहरूको सहभागिता र संलग्नतालाई प्रोत्साहित गर्ने खालको स्वागतयोग्य र समावेशी वातावरणलाई बढावा दिने ।

### प्रोडक्सनसम्बन्धी आवश्यकताहरू :

- क्युरेटरहरूले क्रियाकलाप, कार्यशाला र स्रोत क्षेत्रहरूको लागि एउटा योजना बनाउनुपर्छ । योजनामा सामग्री, बस्ने व्यवस्था र अन्तरक्रियात्मक पक्षका लागि चाहिने कुरा समावेश गर्नुहोस् ।

### Develop your own strand (आफ्नै विधाको प्रयोग गर्नुहोस्)

क्युरेटरहरूले वाउ महोत्सवको उद्देश्य र लक्ष्यअनुरूप विशेष तथा प्रभावकारी परियोजना वा अनुभव सिर्जना गर्ने खालका नयाँ सोच/आइडियाहरू प्रस्ताव वा विकास गर्न सक्नेछन्। क्युरेटरहरूले आफ्नो नवीन सोच, कार्यान्वयन योजना र आवश्यक पर्ने स्रोतलाई प्रस्तुत गर्दै विस्तृत प्रस्ताव पेश गर्नुपर्छ। सो प्रस्ताव छनोट भएमा क्युरेटरहरूलाई समय तालिका, स्थलको सेटअप र आवश्यक पर्ने कुनै पनि प्राविधिक वा बन्दोबस्तीका कुराहरू समेटेर एउटा योजना पेश गर्न भनिनेछ।

# आवेदन

तपाईंले आफ्नो आवेदन देहायका कुनै पनि तरिकाले पेश गर्न सक्नुहुन्छ :

- यो अनलाइन फाराम भरेर
- हाम्रो वेबसाइटबाट डाउनलोड गर्न मिल्ने अफलाइन फाराम भरेर
- तलका आवेदनसम्बन्धी प्रश्नहरूको उत्तर दिएको भिडियो पठाएर। भिडियो जस्तो भएपनि हुन्छ, तर भिडियोमा बोल्ने व्यक्तिलाई स्पष्ट देखिने र आवाज प्रष्ट सुनिने हुनुपर्छ।

आवेदन अंग्रेजी भाषामा, नेपाली भाषामा वा राष्ट्रिय सांकेतिक भाषामा तयार गर्न सकिन्छ।

# पहुँच

तपाईं अपाङ्गता भएको व्यक्ति हुनुहुन्छ भने, तपाईंले यो आवेदन पूरा गर्न सहयोग गर्नका लागि पहुँचसम्बन्धी लाग्ने थप खर्चहरू माग गरी आवेदन गर्न सक्नुहुन्छ। यसका लागि छुट्टै प्रक्रिया अपनाइनेछ, र तपाईं क्युरेटरको रूपमा छनोट हुनु भएन भने पनि तपाईंले यो खर्च पाउनुहुनेछ।